# सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सल्लेरी, सोलुखुम्बु

नं. १ प्रदेश नेपाल

प.सं. २०७४/७५

च.नं. ३००८

मिति २०७४/०२/२९ गते

## आशयपत्र माग गरिएको सूचना

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.व. २०७४।७५ मा संचार क्षेत्रमा विनियोजित बजेटको सूचना तथा संचार र हेलो मेयर कार्यक्रम संचालनसम्बन्धी कार्य मिडिया एजेन्सी मार्फत गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रही नगरपालिकामा स्वयं उपस्थित भई आशयपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. मिडिया एजेन्सी सम्बन्धी कार्य गर्नका लागि दर्ता भई मुल्य अभिवृद्धि करमा समेत दर्ता भएको हुनुपर्नेछ।
२. नगरपालिकाको विभिन्न कार्यक्रम तथा गतिविधिहरुको नियमित रुपमा प्रचार प्रसार गर्नुपर्नेछ।
३. सूचना प्रसार प्रचार गर्ने क्रममा स्थानीय सबै रेडियो तथा एफ.एम.हरुसँग समन्वय गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।
४. आशयपत्र पेश गर्ने मिडिया एजेन्सीहरुले नियमित रुपमा कर चुक्ता गरेको हुनु पर्नेछ।
५. सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्षभन्दा बढीको कार्यानुभव हुनु पर्नेछ।
६. नगरपालिकाको तोके बमोजिमको कार्यक्रमहरु प्रशारण गर्दा गुणस्तरीय सेवा प्रदान गर्नु पर्नेछ।
७. सोलुखुम्बु जिल्लाभित्र कार्यक्षेत्र भएका मिडिया एजेन्सीहरुलाई प्राथमिकता दिइनेछ।
८. सबैभन्दा कम दरमा अधिकतम र गुणस्तरीय सेवा प्रदान गर्नु पर्नेछ।
९. प्रत्येक एपिसोड आधा घण्टाको हुनेछ। प्रत्येक एपिसोडको लागि लाग्ने दररेट घटाघटमा पेश गर्नुपर्नेछ।
१०. कानून बमोजिम लाग्ने कर तिर्ने दायित्व सम्बन्धित एजेन्सीको नै हुनेछ।
११. स्थानिय रेडियो तथा एफ.एम.बाट कार्यक्रम प्रचार प्रसार गर्दा समान दररेटमा लाग्ने रकम दिनु पर्नेछ।
१२. एजेन्सीहरुले रकम भुक्तानी माग गर्दा कर बिजक तथा कार्यक्रम संचालन गरेको सफ्ट कपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
१३. आशयपत्र पेश गर्दा आवश्यक कार्यशर्त (TOR) सहितको फाराम नगरपालिकाबाट खरिद गर्न सकिनेछ।

(रमिला भण्डारी)
प्रशासकीय अधिकृत